निर्णयहरु:-

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो। कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा ३५८६ जम्मा संक्रमित पाइएकोमा ३३३८ निको भएको,१६९ मृत्यु भएको र अहिले ७९ जना संक्रमित रहेको देखिन्छ।

२. यस जिल्लामा हालसम्म कोभिसिल्ड ४८५०० डोज, भेरोसेल ५३०८० डोज र जान्सेन एण्ड जान्सेन ६६८५० डोज प्राप्त भएकोमा हालसम्म देहाय बमोजिम खोप लगाइयो।

| क्र.सं. | कपिलवस्तु | कोभिसिल्ड | | भेरोसेल | | जान्सेन एण्ड जान्सेन |
|---|---|---|---|---|---|---|
| | | प्रथम डोज | दोस्रो डोज | प्रथम डोज | दोस्रो डोज | |
| १ | | ३६४३० | ११३१९ | ४३१२३ | ९५३८ | ३३००० |

३. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाण्डौंको च.नं. मिति २०७८।४।२० को पत्रबाट कोभिड-१९ को संक्रमण पुन: बढ्दै गएको सन्दर्भमा, मित्रराष्ट्र भारतबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको प्रवेश नाकामा हेल्थ डेक्सलाई अझै व्यवस्थित गरी एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउन र रिपोर्ट पोजेटिभ आउनेहरुलाई अनिवार्य रुपमा आइशोलेसनमा राख्ने व्यवस्था मिलाउन निर्देशन प्राप्त भएबमोजिम नेपाली सेनाबाट निर्माणाधीन होल्डिङ सेण्टर सञ्चालनमा नआउँदासम्म सोको व्यवस्था कृष्णनगर नगरपालिकाले गर्न लेखि पठाउने निर्णय गरियो।

४. नेपाल सरकार कोभिड १९ संकट व्यवस्थापन केन्द्रको च.नं.४४ मिति २०७८।४।२० को पत्र बैठकमा जानकारी गराइयो।

५. कोभिड १९ को तेश्रो लहर पुनः आउन सक्ने भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सावधानी अपनाउन अनुरोध गरिरहेको परिप्रेक्षमा कोभिड १९ सक्रमण रोकथाम तथा उपचारका लागि खटिनु हामी सबैको दायित्व र कर्तव्य भएकोले सबै स्थानीय तह, सरकारी तथा गैर सरकारी निकाय, संघ संस्था, सरोकारवाला निकाय तथा प्रतिष्ठान र संचार माध्यमहरुले आ-आफ्नो तर्फबाट रोकथामका स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने तथा कोरोना विरुद्धको सचेतना अभियान संचालन गर्न स्थानीय तहहरुलाई, शिक्षकहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, समाजसेवीहरु, जनप्रतिनिधिहरुलाई परिचालन गरी मास्कको सही प्रयोग, यसको महत्व र टेस्टिङ्को महत्त्वबारे जनचेतना तथा प्रचार प्रसार गर्ने र टेस्टिङ्को मात्रा बढाउन स्थानीय तहहरुलाई विभिन्न रणनीतिहरु तय गर्न अनुरोध गर्ने निर्णय गरियो।

६. जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०४।१३ को बैठकबाट निरन्तरता दिइएको निषेध आदेशलाई अर्को सूचना नभएसम्मको लागि निरन्तरता दिने निर्णय गरियो।

७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय निति योजना तथा अनुगमन महाशाखाको प.सं. १, च.नं. १, २०७८।०७९ को परिपत्र अनुसार Covid-19 का लागि गत आर्थिक वर्ष अस्पतालमा लिईएका कर्मचारीको पौष मसान्त सम्म म्याद थप गर्न र सोको रकम कपिलवस्तु अस्पताललाई भुक्तानी दिन सिफारिस गर्ने निर्णय गरियो।

२०७८।४।२२

चक्र पाणि पाण्डे
प्रमुख जिल्ला अधिकारी